# संस्थागत विद्यालयका प्राचार्यहरुको नेतृत्व शैली

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना
तथा व्यवस्थापन विषय स्नातकोत्तर (एम.एड.) तह
द्वितीय वर्षको आंशिक आवश्यकता
परिपूर्तिको लागि प्रस्तुत

**शोधपत्र**


**शोधकर्ता**

बद्री कुमार श्रेष्ठ

एम.एड. (दोश्रो वर्ष)

क्याम्पस दर्ता नं. ३/०६५

परीक्षा रोल नं. २८८००४६/०६७

त्रि.वि. दर्ता नं. ३२०९२-९०

आदिकवि भानुभक्त क्याम्पस

दमौली, तनहुँ


२०७२

# समुद्घोषण

मेरो जानकारीमा यो मौलिक शोध पत्र हो । यसका कुनै पनि अंश प्रतिलिपित गरिएको छैन् भनी समुद्घोषण गर्दछु ।

सन् २०१५

......................

बद्री कुमार श्रेष्ठ

शोधार्थी

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो ।

यस शोधपत्र तयारीका क्रममा आफ्नो व्यस्त समयका बाबजुद पनि आफ्नो अमूल्य समय शोधपत्रको प्रारुप तयार पारी अध्ययन कार्यलाई सफल पार्न सहयोग, सल्लाह एवम् लेखनका क्रममा अमूल्य सुझाव एवम् कुशल निर्देशन गर्नुहुने शोध निर्देशक गुरु स.प्रा. श्री कल्पना लम्सालप्रति हार्दिक आभार एवम् कृतज्ञता ज्ञापन गर्न चाहन्छु । विभागीय प्रमुख एक बहादुर गुरुङ साथै क्याम्पस परिवारप्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

यस शोधकार्य अध्ययन पूरा गर्न आवश्यक सूचना उपलब्ध गर्न मद्दत पुऱ्याउँदै प्रश्नावलीले मागे अनुसार उत्तर दिनुहुने तथा अन्तरवार्ता तथा छलफलमा सहभागी हुनुहुने सम्बन्धित विद्यालयका प्राचार्यहरु, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र सम्बन्धित विद्यालयका विद्यार्थीहरुप्रति कृतज्ञ छु । आफ्नो अमूल्य समय, श्रम र धन खर्च गरेर उच्च शिक्षा प्राप्त गर्ने अवसर एवम् प्रेरणा दिनुहुने मातापिताज्यूप्रति सदैव ऋणी छु । यसको साथै अध्ययनको क्रममा उचित वातावरण दिई सहयोग गर्ने श्रीमती श्रृजना श्रेष्ठ, छोरी सफलता श्रेष्ठ, छोरा शुलभ श्रेष्ठ साथै भाई श्रवण कुमार श्रेष्ठ, बुहारी सिन्धु श्रेष्ठ, सानो छोरा सन्देश श्रेष्ठ साथै बहिनी लक्ष्मी श्रेष्ठलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आवश्यक पुस्तक उपलब्ध गराई सहयोग गर्ने क्याम्पस प्रशासन र पुस्तकालय प्रमुख एवम् कर्मचारीहरुप्रति आभारी छु । साथै शुद्धाशुद्धि हेरी सहयोग गर्नुहुने श्री जमुना अधिकारीज्यूलाई धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा छिटो छरितो र प्रभावकारी ढङ्गले शोधपत्रको कम्प्युटर टाईप गरी सहयोग पुऱ्याउनु हुने श्री शिव शाहीज्यूलाई धन्यवाद प्रदान गर्दै सङ्कलित सामग्रीहरुलाई होसियारीपूर्वक टङ्कन गरिदिने आई.टि. कम्प्युटर इन्स्टिच्युटका प्रोप्राइटर दिपक कुमाल/स्वस्तिका स्टेशनरीका प्रेमबहादुर आलेप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । यस शोधकार्य सम्पन्न गर्नका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण संघसस्था र महानुभावप्रति कृतज्ञता ज्ञापन गर्दछु । अन्तमा यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि आदिकवि भानुभक्त क्याम्पस शिक्षाशास्त्र सङ्काय शिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।

# शोधसार

*त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि संस्थागत विद्यालयका प्राचार्यहरुको नेतृत्व शैली शीर्षकको शोधसार तयार पारिएको छ । यस अध्ययनको मुख्य उद्देश्य संस्थागत विद्यालयका प्राचार्यहरुको नेतृत्व शैलीको पहिचान गरी आई पर्ने समस्या र तिनको समाधानको उपाय पत्ता लगाउनु हो ।*

*यस अध्ययनको उद्देश्य पूरा गर्न तनहुँ जिल्लाभित्र रहेका घाँसीकुवा गा.वि.स. र बन्दिपुर नगरपालिकाको सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व हुने गरी घाँसीकुवा गा.वि.स. र बन्दिपुर नगरपालिकाका जम्मा दश वटा संस्थागत विद्यालयहरु मध्येबाट सामान्य सम्भावनायुक्त नमूना छनोट विधिको आधारमा चार वटा विद्यालयहरु छनोट गरिएको छ । प्रस्तुत शोधपत्र गुणात्मक ढाँचामा तयार गरिएको छ । चालीस जना जनसङ्ख्या मध्य स्रोह जना जनसङ्ख्या र चार वटा विद्यालयहरु छनोट गरिएको छ । नमूना छनोटमा परेका विद्यालयका प्राचार्य, शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई, नमूनाको रुपमा लिएर तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई छलफल, अन्तरवार्ता, प्रश्नवली, विद्यालय अवलोकनको आधारमा तथ्याङ्कलाई विश्लेषण गरिएको छ । शोध अध्ययनका क्रममा अध्ययन गरिएका सिद्धान्तहरु नेतृत्वको मार्ग लक्ष्य सिद्धान्तवाट नेतृत्व शैली प्रभावित रहेको पाइयो । शोध अध्ययनका क्रममा लिइएका सबै विद्यालयका प्राचार्यहरुले आफ्नो विद्यालयको वार्षिक कार्य योजना प्रत्येक वर्ष निर्माण गर्नु भएको देखिन्छ । यसको साथै नमूना अध्ययन गरिएको विद्यालयमा खेल मैदान सबैमा पर्याप्त नभएको पाइयो ।*

*अध्ययन कार्यमा तथ्याङ्क तथा सूचना सङ्कलनका लागि अन्तरवार्ता प्रश्नावली, विद्यालय अवलोकन जस्ता साधनको प्रयोग गरिएको छ । संस्थागत विद्यालयको शैक्षिक एवम् व्यवस्थापकीय पक्ष पूर्ण रुपमा समुदायको निगरानी प्राचार्यको निर्देशन, संगठन र व्यवस्थापनमा चलेको पाइयो । विद्यालयको शैक्षिक एवम् व्यवस्थापकीय पक्षलाई मजबुद बनाउन प्राचार्य र समुदाय नै लागि परेको पाइयो । जसको कारणले गर्दा प्रवेशिका परीक्षाको नतिजा राम्रो रहेको पाइयो । यसमा प्राचार्यको नेतृत्व शैलीले महत्वपूर्ण भूमिका खेलेको महसुस गरियो । प्राचार्यले अवलम्बन गर्ने शैली केही प्रजातान्त्रिक र बढी आदेशात्मक रहेको अध्ययनको क्रममा पाइयो । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि*

वातावरण निर्माण गर्ने प्राचार्य, शिक्षक, अभिभावक र विद्यार्थीहरुको सहकार्यमा बढी जोड दिई प्राचार्यले कक्षा अवलोकन, अतिरिक्त क्रियाकलापमा सहयोग एवम् सद्भाव, सरोकारवाला पक्षसँग भेटघाट एवम् कुराकानी आदि पक्षको प्रभावबाट शिक्षक सङ्ख्या निर्धारण गर्न, आवश्यक शैक्षिक सामाग्री व्यवस्थापन गर्न, आर्थिक पक्षको व्यवस्थापनमा सकारात्मक प्रभाव पारेको पाइयो । शोध अध्ययनको क्रममा शैक्षिक एवम् व्यवस्थापकीय क्रियाकलापमा सकारात्मक प्रभाव पारी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्राचार्य समक्ष थुप्रै चुनौती एवम् समस्याहरु रहेको पाईन्छ । आर्थिक समस्या, भौतिक समस्या, अभिभावकमा चेतनाको अभाव, शिक्षक कर्मचारी व्यवस्थापन जस्ता समस्याहरुले प्राचार्यको नेतृत्व शैलीलाई प्रभाव पारेको पाइयो । विद्यालयका प्राचार्यले विद्यार्थी अनुशासन कायम गर्न खेलेको भूमिका प्रशंसनीय देखिन्छ । यसलाई सामुदायिक विद्यालयले अवलम्बन गर्नु पर्ने देखिन्छ । साथै प्राचार्यबाट हुने कक्षा अवलोकन र पृष्ठपोषण प्रदान गर्ने शैलीले गर्दा विद्यालयको शिक्षण सिकाई क्रियाकलापमा राम्रो प्रभाव पारेको पाईयो । यसैको प्रभाव स्वरुप कतिपय अनियमित हुने विद्यार्थीको नियमित हुने क्रिया साथै शिक्षक कर्मचारीमा आफ्नो जिम्मेवारीप्रति बढी सजग रहेको अवस्था भेटियो । विद्यालयका प्राचार्यहरुले विद्यालयको शैक्षिक वातावरण, व्यवस्थापकीय पक्ष, आर्थिक पक्ष आदिलाई अझै गुणस्तरीय र मजबुत बनाउन परिस्थिति अनुसार प्रजातान्त्रिक शैलीको अवलम्बन गरिनु पर्ने देखिन्छ । यसको साथ साथै शिक्षक भर्ना, बढुवा, कर्मचारी नियुक्ति, प्राचार्यको नियुक्ति गरिदा शेयर सदस्य र सरोकारवाला पक्षलाई मात्र प्राथमिकता नदिई अझै उदारनीति, प्रतिस्पर्धात्मक पद्धति अवलम्बन गर्नु पर्ने देखिन्छ । जसबाट संस्थाको लोकप्रियता अझै बढेर जाने देखिन्छ । यसको लागि प्राचार्यले विद्यालय व्यवस्थापन समिति, शिक्षक कर्मचारी, विद्यार्थी, शेयर सदस्य आदि पक्षसँग नियमित सरसल्लाह र सम्वाद गरिनु पर्ने देखिन्छ । प्राचार्यको नेतृत्व शैलीलाई अझै प्रभावकारी बनाउन विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरुले शिक्षा नियमावलीमा तोकिए अनुसार विद्यालयको निरीक्षण, अनुगमन र मूल्याङ्कन गरी प्राचार्यलाई आवश्यक सल्लाह र सुझाव दिनु पर्ने देखिन्छ । विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न समय मिलाएर प्राचार्यलाई आवश्यकता अनुसार छोटो तथा लामो अवधिको तालिमको व्यवस्था गराउनु पर्ने, देशमा रहेका उत्कृष्ट विद्यालयको भ्रमण गराईनु पर्ने जस्ता सुझावहरु प्रस्तुत गरिएको छ ।

# विषय सूची


| | | पेज नं. |
|---|---|---|
| | सिफारिस पत्र | i |
| | स्वीकृति पत्र | ii |
| | समुद्घोषण | iii |
| | कृतज्ञता ज्ञापन | iv |
| | शोधसार | v |
| | विषय सूची | vii |
| | तालिका सूची | x |
| | सङ्क्षिप्त शब्दावलीको सूची | xi |
| **परिच्छेद एक : परिचय** | | १-६ |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको औचित्य | ३ |
| १.४ | अध्ययनको उद्देश्य | ४ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ४ |
| १.६ | अध्ययनको सीमा | ५ |
| १.७ | मुख्य शब्दावलीको परिभाषा | ५ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | | ७-१४ |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | ११ |
| २.३ | साहित्य पुनरावलोकनको उपादेयता | १३ |
| **परिच्छेद तिन : अध्ययन विधि** | | १५-१८ |
| ३.१ | अनुसन्धान ढाँचा | १५ |
| ३.२ | जनसङ्ख्या तथा नमूना छनौट | १५ |
| ३.३ | तथ्याङ्कको श्रोत | १५ |

| | | |
|---|---|---|
| | ३.३.१ प्राथमिक श्रोत | १६ |
| | ३.३.२ द्वितीय श्रोत | १६ |
| ३.४ | तथ्याङ्क सङ्कलनका साधनहरु | १६ |
| | ३.४.१ अवलोकन फारम | १६ |
| | ३.४.२ प्रश्नावली | १७ |
| | ३.४.३ अन्तरवार्ता प्रश्नावली | १७ |
| ३.५ | तथ्याङ्क सङ्कलन प्रक्रिया | १७ |
| ३.६ | तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण | १७ |
| **परिच्छेद चार : नतीजाको विश्लेषण** | | १९-४५ |
| ४.१ | प्राचार्यहरुको नेतृत्व शैली | १९ |
| | ४.१.१ प्राचार्यको नेतृत्व शैली र सेवा अवधि | २१ |
| | ४.१.२ योजना निर्माण | २२ |
| | ४.१.३ प्राचार्यद्वारा शिक्षकहरुको कक्षा अवलोकन, निरीक्षण तथा सुपरीवेक्षण | २३ |
| | ४.१.४ खाली पिरियड व्यवस्थापन | २४ |
| | ४.१.५ परीक्षा सम्बन्धी नतिजा जानकारी | २५ |
| | ४.१.६ कक्षा अवलोकन | २६ |
| | ४.१.७ विद्यार्थी, शिक्षक र अभिभावकबीच अन्तरक्रिया | २७ |
| | ४.१.८ प्राचार्यबाट शिक्षण गर्न उत्प्रेरणात्मक कार्य | २८ |
| | ४.१.९ अतिरिक्त कक्षा सञ्चालन | २९ |
| | ४.१.१०शिक्षक व्यवस्थापन | ३० |
| | ४.१.११ निर्णय लिने परिपाटी | ३१ |
| ४.२ | प्राचार्यहरुको नेतृत्व शैली | ३२ |
| | ४.२.१ प्राचार्यले कक्षा अवलोकन पश्चात शिक्षकलाई परेको प्रभाव | ३२ |
| | ४.२.२ प्राचार्यको समुदायवीच सम्वन्ध | ३३ |
| | ४.२.३ विद्यालयमा सञ्चालित अन्तरक्रियाको प्रभाव | ३३ |
| | ४.२.४ विद्यार्थी माझ प्राचार्यको प्रभाव | ३४ |
| | ४.२.५ विद्यार्थी भर्नामा परेको प्रभाव | ३५ |
| | ४.२.६ शिक्षकमा परेको प्रभाव | ३६ |

४.२.७ नतिजामा देखिएको प्रभाव ३७

४.२.८ कक्षा सञ्चालनमा परेको प्रभाव ३८

४.३ प्राचार्यले नेतृत्व प्रदान गर्दा सामाना गरेका समस्याहरु ३८

४.३.१ आर्थिक समस्या ३९

४.३.२ प्रशासनिक समस्या ३९

४.३.३ भौतिक समस्या ४०

४.३.४ भर्नामा समस्या ४०

४.३.५ शिक्षक, कर्मचारी व्यवस्थापनमा समस्या ४१

४.४ आर्थिक नेतृत्व प्रदान गर्दा सामना गरेका समस्या र समाधानका उपायहरु ४२

४.४.१ आर्थिक समस्याको समाधान ४२

४.४.२ प्रशासनिक समस्या र समाधानका उपायहरु ४२

४.४.३ भौतिक समस्याको समाधानका उपायहरु ४३

४.४.४ अभिभावकहरुमा शिक्षा सम्बन्धी चेतना वृद्धि गराउने उपायहरु ४३

४.४.५ शिक्षक, कर्मचारी व्यवस्थापनका उपायहरु ४४

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु** ४६-५२

५.१ निष्कर्ष ४६

५.२ सुझावहरु ४८

५.३.१ नीतिगत तह ४८

५.३.२ कार्यान्वयन तह ४९

५.३.३ अनुसन्धान तह ५१

**सन्दर्भ सूची**

**अनुसूची**

# तालिका सूची


पेज नं.

तालिका नं. १ : छनोटमा परेका प्राचार्यको अनुभव वर्ष २२

# सङ्क्षिप्त शब्दावलीको सूची

| | | |
|---|---|---|
| वि.सं. | : | विक्रम सम्वत् |
| त्रि.वि.वि. | : | त्रिभुवन विश्व विद्यालय |
| नं. | : | नम्बर |
| एस.एल.सी. | : | विद्यालय छाडेको प्रमाणपत्र |
| प्र.अ. | : | प्रधानाध्यापक |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| भू.पू. | : | भूत पूर्व |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.नि. | : | विद्यालय निरीक्षक |
| ने.जु.रे.स. | : | नेपाल जुनियर रेडक्रस सर्कल |